बैठक संख्याः १४ मितिः २०७७/०७/२३

<u>निर्णयहरू</u>

१. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार समेतका कार्यहरूको लागि स्थानीय वडा एवं टोल समितिहरूको भूमिका प्रभावकारी हुने भएकोले नेपाल सरकारको स्वीकृत मापदण्ड भित्र रही स्वास्थ्य परामर्श उपलब्ध गराउन र स्वास्थ्य अवस्था अनुसार थप उपचार आवश्यक भएमा सम्बन्धित अस्पतालहरूमा लैजान समेत आवश्यक प्रबन्ध मिलाउन Dedicated Team गठन गरी प्रत्येक वडा कार्यालयले होम आइसोलेसनमा बसेका संक्रमितहरूको अनुगमन, स्वास्थ्य अवस्थाको निगरानी तथा उपचारको लागि आवश्यक प्रवन्ध गर्ने सम्बन्धी कार्यलाई प्रभावकारी वनाउने। सम्बन्धित स्थानीय तहले यस सम्बन्धमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय गरी आवश्यक नियमन तथा अनुगमन गर्ने।

२. नेपाली मूलका गैर आवासीय बिदेशी नागरिक र निजका पति वा पत्नी, नेपाल स्थित विदेशी कुटनीतिक नियोग र अन्तर्राष्ट्रिय संघ सस्थामा कार्यरत कर्मचारीका परिवारका सदस्य तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा कार्यरत विदेशी नागरिक र निजका परिवारका सदस्यहरूलाई ७२ (बहत्तर) घण्टा भित्रको PCR परीक्षण Negative Report को आधारमा नेपाल प्रवेश गर्न अनुमति दिने। पाँच वर्ष भन्दा मुनिका बालबालिकाहरूको हकमा निजका अभिभावकको PCR Report निगेटिभ भएको अवस्थामा त्यस्ता बालबालिकाहरूको PCR Report आवश्यक नपर्ने तथा PCR Report अन्तर्गत RT-PCR/Gene Xpert/True NAAT वा सो सरहका परीक्षण प्रमाणपत्रलाई समेत मान्यता दिने।

३. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०२/१२ गतेको निर्णयबाट स्वीकृत **"कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश २०७७"** बमोजिम २०७७/०७/२२ गतेसम्म ९११ वटा अन्तर्राष्ट्रिय उडान मार्फत बिभिन्न ८६ मुलुकहरूमा रहेका १,३६,२१६ जना व्यक्तिको उद्धार कार्य सम्पन्न भईसकेको एवं कोभिड-१९ वाहेक अन्य कारणबाट निधन भएका ४२७ नेपाली नागरिकहरूको शव नेपाल ल्याई व्यवस्थापन गरिसकिएको। साथै, नेपालीहरू रहेका अधिकांश बिदेशी मुलुकहरूबाट हाल नियमित हवाई उडान शुरु भईसकेको र बिदेशस्थित नेपाली नियोगहरूबाट उद्धार उडानहरू आवश्यक नभएको जानकारी प्राप्त भएको सन्दर्भमा यस उद्धार अभियानमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउने सम्बन्धित सबैलाई धन्यवाद दिने। आगामी दिनमा बिदेशबाट नेपाल आउनै पर्ने नेपाली नागरिकहरूलाई नियमित उडानबाट ल्याउने व्यवस्था मिलाउने।

४. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०४/२६ र मिति २०७७/०५/२९ को निर्णयले नेपाली नागरिकहरू र अन्य स्वीकृति प्राप्त विदेशी नागरिकहरूलाई समेत नेपाल प्रवेशका लागि

खुल्ला गरिएका विभिन्न १३ वटा प्रवेश विन्दु तोकिएकोमा बैतडी जिल्लाको झुलाघाट समेत थप गरी १४ वटा सीमा नाका प्रवेश विन्दुहरूबाट प्रवेश गर्न पाउने व्यवस्थालाई यथावत राखी अन्तर्राष्ट्रिय सीमानाकाका अन्य प्रवेश विन्दुहरू तथा खुल्ला सीमानाका जुनसुकै स्थानबाट हुने यात्रुहरूको आवागमनलाई २०७७ मंसिर मसान्तसम्मका लागि स्थगित गर्ने।

५. कोभिड-१९ संक्रमणको अवस्था, आर्थिक क्रियाकलाप, दुईपक्षीय सम्बन्ध, आवश्यकता एवं पारस्परिकताको आधारमा यस अघि देखि नै लागू भईरहेका हवाई उडानका स्वास्थ्य सम्बन्धी मापदण्ड परिपालना हुने सुनिश्चित गरी दक्षिण एसिया लगायतका अन्तर्राष्ट्रिय गन्तव्यहरूमा नियमित हवाई उडान हुने व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट पर्यटनसंग सम्बन्धित बिभिन्न सेवा, व्यवसाय तथा कार्य शुचारु गर्ने सम्बन्धमा स्वीकृतिका लागि अनुरोध भएका केवलकार, साहसिक पर्यटन, जंगल सफारी, संग्रहालय लगायत पर्यटनसंग सम्बन्धित सेवा तथा कार्यहरू स्वीकृत स्वास्थ्य मापदण्ड तथा सेवा सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पालना हुने गरी सञ्चालनमा ल्याउने। कोभिड-१९ संक्रमणको जोखिम बिश्लेषण गरी यस्ता गतिविधिहरूमा रोक लगाउन आवश्यक देखिएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सम्बन्धित मन्त्रालयसंगको समन्वयमा सम्बन्धित DCCMC ले आवश्यक निर्णय गर्न सक्ने।

७. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको सन्दर्भमा यस अघि नेपाल सरकारबाट भएका निर्णयहरू प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सम्बद्ध मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गरी उलङ्घन भएको पाइएमा तत्काल कारबाही हुने व्यवस्था मिलाउने।

८. राधा स्वामी सत्संग सेवा केन्द्रबाट उक्त केन्द्रको सामाखुसी स्थित सम्पुर्ण भौतिक पूर्वाधारहरू (२०० बेड सहितको हल, भान्छा घर सहित खानाको व्यवस्थापन, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मिको लागि आवश्यक पर्ने बासस्थान, शौचालय आदि) आईसोलेशन सेन्टर सञ्चालनको लागि निःशुल्क उपलब्ध गराउने प्रस्ताव गरेकोले सार्वजनिक-सामाजिक अवधारणा अनुरुप निःशुल्क अक्सिजन थेरापी सेन्टरको रुपमा सञ्चालन गर्ने प्रकृया अगाडि बढाउने। सो कार्यका लागि काठमाण्डौ महानगरपालिकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय गरी आवश्यक पर्ने स्वास्थ्यकर्मी सहितको नपुग जनशक्ति, औषधी उपकरण तथा स्वास्थ्य सामग्री र आवश्यक बजेट उपलब्ध गराउने।

९. श्रम गन्तव्य मुलुकबाट प्रक्रिया पूरा भई स्वदेश ल्याउन बाँकी रहेका नेपालीहरूको शव स्वदेश ल्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विशेष प्रबन्ध मिलाउने।

१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशगत रुपमा आवश्यकतानुसारका विभिन्न अस्पतालहरुमा अक्सिजन प्लान्टहरु स्थापना गर्ने प्रक्रिया शीघ्र सम्पादन गराउने।

२०७७।७।२३

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



ईश्वर पोखरेल
उपप्रधानमन्त्री